# स्थानीय राजपत्र

## नेपालगञ्ज उपमहानगरपालिका

## लुम्बिनी प्रदेश नेपालगञ्ज,बाँके

खण्ड ८), चैत्र १५ गते, २०८२ (संख्याः३


### भाग ३

**"घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ (पहिलो संशोधन २०८२)**

**प्रस्तावनाः** नेपालगञ्ज उपमहानगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्रको जारी, नवीकरण तथा खारेजीलाई समयानुकूल संशोधन गर्न वाञ्छनीय भएकाले नेपालगञ्ज उपमहानगरपालिकाको नगर कार्यपालिकाबाट "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ (पहिलो संशोधन,२०८२) जारी गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ (पहिलो संशोधन ,२०८२) रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भई राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

२. **मूल कार्यविधिको दफा २ को उपदफाका सम्बन्धमा देहाय बमोजिम संशोधन गर्ने।**

(३)[१] दफा (२) को उपदफा (२) बमोजिमको समितिले अनुसूची -५ बमोजिमको न्यूनतम योग्यता एकिन गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष इजाजत पत्रका लागि सिफारिस गर्नुपर्नेछ।

(४)[२]उपदफा ३ बमोजिम समितिको सिफारिस अनुरुप प्रमुख प्रशासकीय अधिकृतले निर्माण व्यवसायीलाई आर्थिक ऐन बमोजिमको दस्तुर लिई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ।

(५)[३] उपदफा ३ बमोजिमको सिफारिसअनुसार इजाजतपत्र दिन नसकिने भएमा आवश्यक निर्णयगरि सोको जानकारी सम्बन्धित व्यवसायीलाई ३५ दिन भित्रमा लिखित रुपमा दिनुपर्नेछ।

**दर्ता र खारेजी प्रयोजनको लागि अधिकार प्रत्यायोजन गर्न सकिने छैन तर नवीकरणको हकमा अधिकार प्रत्यायोजन गर्न वाधा परेको मानिने छैन ।**

---

[१]पहिलो संशोधनद्वारा संशोधित

[२]पहिलो संशोधनद्वारा संशोधित

[३]पहिलो संशोधनद्वारा थप

३. मूल कार्यविधिको दफा ३ को उपदफाका सम्बन्धमा देहाय बमोजिम संशोधन गर्ने ।

(४)[४] उपदफा (२) वा उपदफा (३) बमोजिमको अवधिभित्र इजाजत पत्र नवीकरण नगरेको निर्माण व्ययसायीले इजाजत पत्र नवीकरणका लागि निवेदन दिएमा प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरी एक पटकमा नबढ्ने गरि अधिकतम ५ बर्षसम्मका लागि आर्थिक ऐनमा उल्लिखित जरिवाना असुल गरि नवीकरण गर्न सक्नेछ।

४. मूल कार्यविधिको दफा ४ को उपदफाका सम्बन्धमा देहाय बमोजिम संशोधन गर्ने

(१) देहायको अवस्थामा उपमहानगरपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ।

(घ)[५] सार्वजनिक खरिद अनुगमन कार्यालयले कालो सूचीमा राखेमा ।

(३)[६] दफा ३ को उपदफा (३) को बमोजिमको म्यादभित्र नवीकरण नभई दफा ३ को उपदफा (४) बमोजिमको अवधिभित्र इजाजतपत्र नवीकरणका लागि निवेदन दिएकोमा प्रमुख प्रशासकीय अधिकतले इजाजत पत्र नवीकरण गर्न उपयुक्त नदेखि सोहि बमोजिम निर्णय गरेमा वा दफा ३ को उपदफा (४) बमोजिमको अवधि व्यतित भएमा इजाजतपत्र स्वतः खारेज हुनेछ।

५. मूल कार्यविधिको अनुसूची ५ को बुँदा नं. १ लाई देहाय बमोजिम संशोधन गर्ने।

१[७].**आर्थिक क्षमता :**प्राइभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पूँजी देखाई कम्पनी रजिष्ट्रारको कार्यालय वा घरेलु तथा साना उद्योग कार्यालय वा प्रचलित कानून बमोजिम दर्ता हुनुपर्ने अन्य निकायमा दर्ता भएको हुनु पर्नेछ।

६. मूल कार्यविधिको अनुसूची को बुँदा नं. ३ को द्रष्टव्यः अन्तर्गत देहाय बमोजिम संशोधन गरिएको।

१.[८]उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका (बहालमा लिएको हकमा अन्य कागजातका साथै बहाल सम्झौताको सक्कल समेत) साथै बीमा गरेको कागजातहरू पेश गर्नुपर्नेछ।

३.[९]माथि उल्लिखित यन्त्र उपकरणहरू व्यवसायीको आफ्नै नाममा वा बहालमा/लिजमा हुनु पर्नेछ। बहालमा भएका यन्त्र उपकरणको हकमा नवीकरण गर्दा समेत बहाल अवधि कायम भएको हुनु पर्नेछ।

आज्ञाले

मानबहादुर बम

प्रमुख प्रशासकीय अधिकृत

---

[४]पहिलो संशोधनद्वारा थप

[५]पहिलो संशोधनद्वारा थप

[६]पहिलो संशोधनद्वारा संशोधित

[७]पहिलोसंशोधनद्वारा संशोधित

[८]पहिलोसंशोधनद्वारा संशोधित

[९]पहिलोसंशोधनद्वारा संशोधित